**रामग्राम नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड १ रामग्राम, मंगिशर १८ गते, २०७५ साल संख्या ७**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रामग्राम नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

**भाग-१**

## रामग्राम नगरपालिकाको आर्थिक ऐन, २०७५, पहिलो संसोधन

सभामा पेश मितिः २०७५/८/१४

**प्रस्तावनाः** रामग्राम नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामग्राम नगरपालिकाको चौथो नगर सभाले यो ऐन संसोधन गरि लागू गरेको छ ।

**१) आर्थिक ऐन, २०७५ को दफा १६ मा उपदफा ३ थप,**

**रामग्राम नगरपालिकाको तेश्रो नगरभाबाट पारित भएको सम्पति करमा सडकले छोएको जग्गाको हकमा ५० मि. सम्म नगरसभाको निर्णय बमोजिम जग्गाको मुल्याकन गर्ने र बाकी रहेको जग्गाको हकमा कृषि योग्य जग्गा मानि सो मा ८० प्रतिशत सम्पत्ति कर छुट दिइनेछ।**

**२) आर्थिक ऐन, २०७५ को दफा १६ मा उपदफा ४ थप,**

**रामग्राम नगरपालिकाको चौथो नगर सभा पश्चात दर्ता हुने र सोहि वर्ष सम्पति कर बुझाउन आउने उद्योगहरुको हकमा** Welcome Industry Program **अन्तर्गत दर्ता हुने उद्योगहरुका लागि प्रोत्साहन स्वरुप आ.ब. ०७५।०७६ अषाढ मसान्तसम्मको सम्पति कर पूर्णरुपमा छुट दिइनेछ।**

**३)आर्थिक ऐन, २०७५ को दफा १६ मा उपदफा ५ थप,**

हाल सम्म दर्ता नभएका ब्यवसायीहरु चैत्र मसान्त सम्म दर्ता हुन आएमा लाग्ने जरिवाना पूर्णरुपमा छुट दिईनेछ साथै ब्यवसाय दर्ता रहेका तर बाकी बक्यौता नतिरेका ब्यवसायीले कर तिर्न आएमा बाकी वक्यौताको सम्पूर्ण जरिवाना समेत छुट दिइनेछ।

## ४) आर्थिक ऐन, २०७५ को दफा १६ मा उपदफा ६ थप,

रामग्राम नगरपालिकाबाट महिला तथा अपांगको नाममा रहेका जग्गाको जग्गा सम्बन्धि सबै सिफारिसमा २५ प्रतिशत छुट बमोजिमका शिर्षकमा छुट दिइनेछ।

## ५) आर्थिक ऐन, २०७५ को दफा १६ मा उपदफा ७ थप,

रामग्राम नगरपालिकाबाट देहाय बमोजिमका शिर्षकमा छुट दिईनेछ।

देहाय

| क्र.स. | सिफारिस दस्तुर शिर्षक |
|---|---|
| १ | विपन्न सिफारिस, औषधोपचार सिफारिस |
| २ | उपभोक्ता समिति, सामाजिक संघ संस्था, आमा समूह, बाल क्लबका सिफारिसहरु |
| ३ | सामाजिक सुरक्षाको सबै सिफारिस |
| ४ | कृषि बिमा सिफारिस |
| ५ | दुर्घटना बिमा सिफारिस |
| ६ | क्रिया खर्चका लागि जरना दाउरा सिफारिस |
| ७ | दैविक प्रकोप सहायता सिफारिस |
| ८ | सार्वजनिक बाटो तथा सार्वजनिक प्रकृतिका जग्गाहरुको लगत कट्टा सम्बन्धि रिस्फारिस |
| ९ | सार्वजनिक सिमाना भित्र परेका संरचना तथा जग्गाको कर र घर नक्सा संसोधन सम्बन्धि कर |
| १० | सार्वजनिक हितका लागि गैर नाफा मुलक संघ संस्थाहरुको लागि निर्माण हुने भवनको घर नक्सा पास दस्तुर |

## ६) आर्थिक ऐन, २०७५ को दफा ४ को अनुसुची ३ मा संसोधन,

रामग्राम नगरपालिकाको तेश्रो नगरसभाले घर बहाल कर १२ प्रतिशत निर्धारण भएकोमा अब उपरान्त १० प्रतिशत कामय गरिनेछ।

## ७) आर्थिक ऐन, २०७५ को दफा ५ को अनुसुची ५ संसोधन,

रामग्राम नगरपालीकाको तेश्रो नगरसभाबाट पारित व्यवसायको वार्षिक कर सम्बन्धमा कुल पुजी खुल्ने व्यवसायको हकमा तपसिल बमोजिम तथा कुल पूजी नखुल्ने सेवा मुलक व्यवसायको हकमा देहाय बमोजिमको कर, शुल्क तथा दस्तुर लिईनेछ।

तपसिल

क) कुल पुजिं खुल्ने व्यवसायको हकमा

| क्र.स. | कुल पूजिं | वार्षिक कर |
|---|---|---|
| १ | रु १ देखि ५ लाख सम्म | रु १०००। |
| २ | रु ५ लाख १ देखि १० लाख सम्म | रु २०००। |
| ३ | रु १० लाख १ देखि २० लाख सम्म | रु ३०००। |
| ४ | रु २० लाख १ देखि ५० लाख सम्म | रु ५०००। |
| ५ | रु ५० लाख १ देखि १ करोड सम्म | रु १०,०००। |

| | | |
|---|---|---|
| **६** | **रु १ करोड १ देखि २ करोड सम्म** | **रु २०,०००।** |
| **७** | **रु २ करोड १ देखि ४ करोड सम्म** | **रु ४०,०००।** |
| **८** | **रु ४ करोड १ देखि ६ करोड सम्म** | **रु ६०,०००।** |
| **९** | **रु ६ करोड भन्दा माथि** | **थप प्रति करोड रु ५०००।** |

**ख) कुल पुजिं नखुल्ने व्यवसायको हकमा ।**

| **वित्तिय संस्था** | |
|---|---|
| क बर्ग शाखा बैक | २५,०००.०० |
| ख वर्ग शाखा बैक | २०,०००.०० |
| अन्य बैक तथा बित्तिय संस्था | १५,०००.०० |
| साना लघु बित्तिय | ५,०००.०० |
| बिमा कम्पनी | १०,०००.०० |
| सटही काउन्टर | ३,०००.०० |
| बचत तथा ऋण सहकारी संस्था | ५,०००.०० |
| मनि ट्रान्सफर | ५,०००.०० |
| एक भन्दा वढी रेमिटेन्स डिलर लिई एकै स्थानवाट संचालन गरेमा प्रति डिलर रु. १००० थप लाग्ने | |

| **कक्षा थप अनुमती माग फाराम सामुदायिक विधालयको** | |
|---|---|
| **क)आधारभुत विधालय** | |
| प्राथमिक विधालय | १००० |
| निम्नमाध्यमिक | २००० |
| **ख)माध्यमिक** | |
| माध्यमिक विधालय | ३००० |
| उच्च माध्यमिक | ३००० |
| **कक्षा थप अनुमती माग फाराम संस्थागत विधालयको** | |
| **क)आधारभुत विधालय** | |
| प्राथमिक विधालय | ३००० |
| निम्नमाध्यमिक | ५००० |
| **ख)माध्यमिक** | |
| माध्यमिक विधालय | १०००० |
| उच्च माध्यमिक | १०००० |

| | |
|---|---|
| **कक्षा थप अनुमती दिदा सामुदायिक विधालयको** | |
| **क)आधारभुत विधालय** | |
| प्राथमिक विधालय | २००० |
| निम्न माध्यमिक | ३००० |
| **ख)माध्यमिक** | |
| माध्यमिक विधालय | ५००० |
| उच्च माध्यमिक | ५००० |
| **कक्षा थप अनुमती दिदा संस्थागत विधालयको** | |
| **क)आधारभुत विधालय** | |
| प्राथमिक विधालय | ७००० |
| निम्न माध्यमिक | १०००० |
| **ख)माध्यमिक** | |
| माध्यमिक विधालय | २५००० |
| उच्च माध्यमिक | २५००० |
| **संस्थागत विधालयका हकमा** | |
| **क)प्राथमिक** | |
| नाम परिवर्तन | १५००० |
| ठाउ सारी | २५००० |
| हक हस्तान्तरण | २५००० |
| **ख)निम्नमाध्यमिक** | |
| नाम परिवर्तन | २०००० |
| ठाउ सारी | ५०००० |
| हक हस्तान्तरण | ३५००० |
| **ग)माध्यमिक** | |
| नाम परिवर्तन | २५००० |
| ठाउ सारी | १००००० |
| हक हस्तान्तरण | ५०००० |
| कोचिंग सेन्टर | ५,०००.०० |
| कानूनी सेवा | |
| बरिष्ठ अधिबक्ता | १०,०००.०० |
| अधिबक्ता | ८,०००.०० |

| | |
|---|---|
| कानूनी परामर्श सेवा | ६,०००.०० |
| लेखापढी व्यवसायी | ४,०००.०० |
| लेखा परिक्षक क बर्ग | ५,०००.०० |
| लेखा परिक्षक ख बर्ग | ३,०००.०० |
| लेखा परिक्षक ग र घ | २,०००.०० |
| **कृषि तथा पशू जन्य उधोग तथा ब्यबसाय** | |
| **वार्षिक कर पुजिंको** | ०.५ प्रतिशत |
| **दर्ता** | १,०००.०० |
| **नबिक?ण** | २००.०० |
| **एफ.एम.रेडीयो** | |
| एफ. एम रेडीयो ईजाजत पत्र | ३५०,०००.०० |
| एफ. एम रेडीयो नविकरण | ३०,०००.०० |
| एफ. एम रेडीयो प्रसारण | ५,०००.०० |
| सामूदायीक रेडीयो प्रसारण | २,५००.०० |
| **परामर्श सेवा** | |
| परामर्श सेवा इन्जिनियरिङ कम्पनी | १५,०००.०० |
| इन्जिनियरिङ कन्सल्टेन्सी फर्म | १०,०००.०० |
| पान पसल | रु १५०० |
| कवाडी सामाग्री संकलन पसल | रु ३००० |
| पुल स्नूकर | रु ३००० |
| जिम हाउस | रु २००० |
| विमा एजेन्ट | रु २००० |
| ज्योतिष सेवा | रु ५००० |
| वैदेशिक रोजगार सेवा | रु ५००० |
| **निर्माण व्यवसायी फर्म** | |
| इजाजत दस्तूर घ वर्गको निर्माण व्यवसायी | १०,०००.०० |
| इजाजत नविकरण | ३,०००.०० |
| नबिकरण जरिवाना | ६,०००.०० |
| क बर्ग | २०,०००.०० |

| | |
|---|---|
| ख बर्ग | १५,०००.०० |
| ग बर्ग | १०,०००.०० |
| घ बर्ग | ५,०००.०० |
| न.पा.भन्दा बाहिरका फर्म आदीले न.पा.को कूनै पनि काम लिनू पर्ने भएमा सो फर्मलाई उपरोक्त वमोजिम रु २००० थप व्यवसाय कर लाग्ने छ | |
| **यस भित्र पर्न नआएका सेवा प्रकृतिको व्यवसायको हकमा कारोबारको स्तर हेरी रु २००० देखि रु २५००० सम्म कार्यालय प्रमुखको निर्णयानुसार व्यवसाय कर लिइने छ ।** | |

## ८) आर्थिक ऐन, २०७५ को दफा १२ मा थप तथा संसोधन,

**रामग्राम नगरपालिकामा दर्ता रहेका घ वर्गका निर्माण व्यवसायीको नामसारी गर्दा दर्ता दस्तुरको ५० प्रतिशत लिइनेछ ।**

## ९) आर्थिक ऐन, २०७५ को दफा १२ को अनुसुची १२ मा थप,

**खानेपानीको बाटो कटान सिफारिस दस्तुर तपसिल बमोजिम लिइनेछ ।**

**तपसिल**

| | |
|---|---|
| ४ मिटर भन्दा बढी पिच कटान गर्न इजाजतको लागि | रु ५०००। |
| ४ मिटर भन्दा कम पिच कटान गर्न इजाजतको लागि | रु २५००। |
| ग्राभल सडक कटान गर्न इजाजतको लागि | रु १०००। |
| ग्राभल सडक छेउ कटान गर्न इजाजतको लागि | रु ५००। |
| कच्ची सडक कटान गर्न इजाजतको लागि | रु ३००। |

## १०) आर्थिक ऐन, २०७५ को दफा १२ को अनुसुची १२ मा थप तथा संसोधन

**रामग्राम नगरपालिकाको तेश्रो नगरभाबाट निर्धारण गरिएका तपसिल बमोजिमका सिफारिस दस्तुरहरु तपसिल बमोजिम लिइनेछ ।**

**तपसिल**

| क्र.स. | सिफारिस दस्तुर शिर्षक | हुनुपर्ने दस्तुर |
|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता (३५ दिन पछि मात्र) | रु ५० |
| २ | मझौला तथा ठूला उद्योगको सर्जमिन शुल्क | क्रमश : रु ५००० र रु १०,००० । |
| ३ | घटना दर्ता संसोधन सर्जमिन | रु ५०० |
| ४ | विद्युत मिटर सिफारिस | घरायसी प्रयोजनका लागि रु ५००। |
| ५ | जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपी सिफारिस | रु ५०० |
| ६ | दलित तथा आदिवासी जनजाती सिफारिस | रु २५०। |
| ७ | चार किल्ला सिफारिस | रु १०० प्रति कित्ता |
| ८ | आयश्रोत प्रमाणित | रु १.५ प्रति हजार |
| ९ | जग्गा छुट्याउने शुल्क | प्रति कित्ता रु ५०० । |

| | | |
|---|---|---|
| १० | महिला तथा अपांगको नाममा रहेका जग्गाको जग्गा सम्बन्धि सबै सिफारिसमा | २५ प्रतिशत छुट |

## ११) आर्थिक ऐन, २०७५ को दफा १२ को अनुसुची १२ मा थप तथा संसोधन

**रामग्राम नगरपालिकामा दर्ता हुन आउने उद्योगहरुको दर्ता सिफारिस देहाय बमोजिम लिईनेछ।**

**देहाय**

| | |
|---|---|
| साना तथा घरेलु उद्योग ( ५ लाख सम्म) का लागि | रु १०००। |
| मझौला उद्योग ( ५० लाख सम्म) का लागि | रु २०००। |
| ठूला उद्योग ( ५० लाख भन्दा माथि) का लागि | रु ५०००। |

## १२) आर्थिक ऐन, २०७५ को दफा २ को अनुसुची १ मा थप तथा संसोधन

रामग्राम नगरपालिका भित्र निर्माण भएका संरचनाको ह्रास कट्टी निम्न बमोजिम गरिनेछः

| संरचनाको आयु | संरचनाको किसिम | | | | |
|---|---|---|---|---|---|
| | RCC फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारी RCC छाना | माटोको जोडाईमा इट्टाको गारो RCC वा सिमेन्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो गारो जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
| १-20 बर्ष | २.५ प्रतिशत | २.५ प्रतिशत | २.५ प्रतिशत | २.५ प्रतिशत | २.५ प्रतिशत |
| 20-40 बर्ष | ३.५ प्रतिशत | ३.५ प्रतिशत | ३.५ प्रतिशत | ३.५ प्रतिशत | ३.५ प्रतिशत |
| 40 बर्ष भन्दा माथि | ४.०० प्रतिशत | ४.०० प्रतिशत | ४.०० प्रतिशत | ४.०० प्रतिशत | ४.०० प्रतिशत |

**प्रमाणीकरण मितिः २०७५/०८/१८**

**आज्ञाले**
**दिनेश राज पन्त**
**प्रमुख प्रशासकीय अधिकृत**